## १२

*[संवत् २०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री कृष्णप्रकाश श्रेष्ठलाई र सोही सालको 'मदन पुरस्कार' 'नेपालको कानुनी इतिहासको रूपरेखा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री रेवतीरमण खनाललाई समर्पण गर्न संवत् २०६० साल आश्विन ११ गते रोज १ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १७६ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, तत्पश्चात् संवत् २०६० साल चैत्र १२ गते तत्कालीन सदस्य-सचिव श्री विष्णुप्रसाद धितालको स्वर्गारोहण भएकोले यो नै उहाँको अन्तिम धन्यवाद ज्ञापन थियो।]*

अध्यक्ष महोदय, सम्मानित विद्वान्हरू, नायवबडागुरुज्यू तथा महिला तथा सज्जनवृन्द !

पुरस्कारको प्रसङ्गमा जब 'मदन पुरस्कार'को अग्रगामिताको प्रशंसा यत्रतत्र सुन्न-पढ्न पाइन्छ त्यसैले हामी मक्ख परेका हुन्छौं भने होला। यस वर्ष वितरण हुने पुरस्कारका बारे त्यस्तै कुनै आलोचना सुन्न-पढ्न पाइएको छैन सिवाय कि मदन पुरस्कार अझ बढी पारदर्शी हुन पाए राम्रो हुने थियो भन्ने सुझाव। त्यतापट्टि गुठीबाट जो बयान दिइसकिएको छ त्यसमा अझ विशेष थप्नु आवश्यक होला जस्तो लाग्दैन, किनभने प्रथमतः गुठीका साधारण सदस्यको नियुक्ति हुँदैदेखि यस कुराको विचार पुऱ्याउने प्रयत्न भएको हुन्छ र एक न एक विषयमा प्रवीणता नभएको लाई नियुक्त गरिँदैन। तिनै मध्येबाट छानिएको गुणी व्यक्तिको दुइटा उपसमिति बनाई तिनले विभिन्न तहमा छानबिन गरी प्रस्तुत हुन आएका ५०/६० ग्रन्थमध्ये ८/१० वा १०/१२ ओटामात्र परीक्षककहाँ पठाइन्छ र कहिलेकाहीं आवश्यक परेमा एउटै ग्रन्थ एकभन्दा बढी परीक्षकद्वारा गहन अध्ययन गराइन्छ। यी सबै प्रक्रियामा पारदर्शीपन भएन भन्ने कुराचाहिँ परीक्षक को थिए भन्ने ? तिनको नाम दिएर हुने भन्दा गोप्य नै राख्नुमा बढी फाइदा भएको देखिन्छ। अहिलेलाई यत्ति भनूँ।

वर्ष दिनमा के के काम भए, गुठीको मोटामोटी कार्यकलाप कस्तो रह्यो इत्यादिको बयान यहाँहरूकै सामुन्ने छ- धेरै दोहऱ्याइरहनुपरेन ।

धन्यवादको सिलसिलामा सबभन्दा पहिले त आजका दुई जना बेहुला नै हुनुभयो, श्री कृष्णप्रकाश श्रेष्ठ र श्री रेवतीरमण खनाल। यहाँहरूको बारे अघि नै अध्यक्षज्यूले जो भन्नुभयो त्यसमा मैले केही थप्नुपर्ला जस्तो लाग्दैन। यसपालि हामीले आफ्नो जीवनीको बलियो भाग रूसमा बसेर त्यस महान् देशमा नेपाली भाषाको प्रचार-प्रसार र संवर्द्धनमा दत्तचित्त भई जो सेवा समर्पण गर्नुभयो त्यसको परिचय गर्न पायौं। त्यसबारे रूसमा रहेका नेपाली समुदाय र नेपालका समस्त बुद्धिजीवीहरूलाई संसारको जुनसुकै भूखण्डमा रहेर पनि नेपाली वाङ्मयको सेवा गऱ्यो भने कुनै न कुनै बेला त्यो प्रकट भइहाल्दो रहेछ भन्ने कुरा प्रमाणित गरेर देखाउन पाएर हामीलाई आफ्नो इज्जतको पुँजी थुपारे जस्तो लागेको छ ।

त्यस्तै खनालजीको ग्रन्थले जो नाम कमायो त्यसबाट ग्रन्थको स्वयं गरिमा बढाउनका साथै मदन पुरस्कार गुठीले साहित्येतर विषयमा पनि ध्यान दिँदो रहेछ- अर्थात् इतिहास संस्कृति इत्यादि बाहेकै अरु कानुन जस्ता विषयमा पनि ध्यान दिँदो रहेछ (यदि नेपालीमा लेखिएको छ भने) भन्ने कुरा प्रमाणित गर्दछ ।

उहाँहरू दुवै जनालाई म गुठीको तर्फबाट र आफ्नै तर्फबाट पनि पुनः धन्यवाद टक्राउँदछु ।

हामीले बसाल्न खोजेको परम्पराअनुसार- यसपालि हाम्रो विशेष वक्तामा नायवबडागुरुज्यू श्री माधव भट्टराईजीलाई दुःख टक्राउन पुग्यौं। हाम्रो अनुरोध स्वीकार गरी उहाँले जो सारगर्भित कुरा भन्नुभयो त्यसका लागि हामी अनुगृहीत भई धन्यवाद टक्राउँदछौं । हाम्रो छनाइ विफल नभएको कुरा यहाँहरू सबैलाई अवगत भएकै हुनुपर्छ ।

यस सभालाई यथावत् छोटोमीठो तरिकाले समाप्त गर्नुभएकोमा स्वयं अध्यक्षज्यूलाई,

समारोहमा अगुवाइ गर्नुहुने चार जना प्रतिष्ठित् विद्वान्हरूलाई,

र आरती स्याउँलीमा सहयोग गर्ने गृहिणीहरूलाई,

समारोहमा सम्पूर्ण व्यवस्था मिलाउने रातो बङ्गला स्कूलका अधिष्ठात्रीद्वय र उहाँका सहयोगीहरूलाई,

जगदम्बा प्रेसका कर्मचारी र मदन पुरस्कार गुठीका विभिन्न तहका कर्मचारीलाई,

यो समारोहलाई, यथावत्, बडो चुस्त तरिकाले सम्पन्न गराइदिनुहुने हाम्रा सुयोग्य मित्र दुर्गानाथ शर्माजीलाई,

र खानेकुराको व्यवस्था मिलाउनुहुने डा. शान्ता दीक्षित र उहाँका सहयोगी सबैलाई हार्दिक धन्यवाद टक्राउँदछु ।

सधैंझैं यसपालि पनि अध्यक्षले एउटा पुस्तक उपलब्ध गराउनुभएको छ। यो उहाँको ठूलो सौजन्य र त्यसभित्र लुकेको नेपाली वाङ्मयको सेवा पनि हो। जाने बेलामा

एक परिवारलाई एउटाका हिसाबले लिएर जानुहोला र कृपया आफ्नो नाम र सकभर टेलिफोन नम्बर पनि स्पष्टसँग लेखिदिनुभए बडो असल हुने थियो।

हामी यस स्थललाई नेपाली वाङ्मय अर्थात् सरस्वतीको मन्दिर भन्ने ठान्छौँ। वास्तवमा महाकाली महालक्ष्मी र महासरस्वतीमध्ये एक। आफ्नो परिवार मिलेर रमाइलो मनाउने बेलामा केही क्षण उभारेर जो यहाँ– यस मन्दिरमा पाल्नुभयो त्यसका लागि यहाँहरूका व्यक्तिगत उपस्थितिको साथै समस्त नेपाली प्रेमीको प्रतिनिधिको उपस्थिति भएको सम्झी यहाँहरूमा हार्दिक अभिवादनसहित धन्यवाद टक्राउँदछु।जगदम्बा प्रकाशनले उपहार गरेका पुस्तकहरू लिई जानुहुन पनि अनुरोध गर्दछु।

अन्त्यमा यहाँहरूलाई दसैँको हार्दिक मङ्गलमय शुभकामना।

⊠ ⊠ ⊠